# ALARM NEPAL

**(Academic & Learning Achievement through Real Management)**

मिति: २०८३-०२-२४

आदरणीय प्रिन्सिपल/डाइरेक्टरज्यू,

........................................................................ विद्यालय ।

**विषय: अन्तर विद्यालय हस्तलेखन प्रतियोगितामा सहभागी गराउने बारे ।**

उपरोक्त सम्बन्धमा अलार्म नेपालले विद्यार्थीहरूको प्रतिभा उजागर गर्ने विविध कार्यक्रम संचालन गर्दै अएको यहाँहरूलाई अवगत नै छ। सोहि कार्यको निरन्तरता स्वरुप ALARM Nepal को आयोजनामा अन्तर विद्यालय हस्त लेखन प्रतियोगिताको आयोजना गरिएको हुँदा तपाईंको सम्मानित विद्यायालयबाट विद्यार्थी सहभागी गराई कार्यक्रम सफल बनाउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**प्रतियोगिता सम्बन्धि थप जानकारी**

१. प्रतियोगीतामा कक्षा १, २ Junior Group A, कक्षा ३, ४ Junior Group B, कक्षा ५, ६ र ७ Intermediate Group र कक्षा ८, ९ र १० Senior Group मा रहनेछन् ।

२. प्रत्येक विद्यालयले हरेक Group मा २ जना (१ जना नेपाली र १ जना अंग्रेजी लिपीमा लेख्ने) प्रतियोगी सहभागी गराउनु पर्नेछ ।

३. प्रतियोगितामा प्रतियोगीलाई आवश्यक पर्ने Pencil, Jel Pen तथा Loose Sheet आयोजक टीमले उपलब्ध गराउने छ, अन्य समाग्री प्रतियोगी स्वयम्ले व्यवस्था गर्नुपर्नेछ । Junior Group A र Junior Group B को लागि पेन्सिल तथा अङ्गेजी लिपिका लागि Four lined loose sheet र नेपालीका लागि Two lined loose sheet उपलब्ध गराइनेछ भने बाँकी अरुकालागि Jel Pen तथा Two lined loose sheet उपलब्ध गराइनेछ।

४. हस्तलेखनको लागि ३० मिनेटको समय प्रदान गरीनेछ । उक्त समय भित्रमा उपलब्ध गराइएको अनुच्छेद अनिवार्य लेखिसकेको हुनुपर्नेछ ।

५. प्रतियोगी दर्ता मिति २०८३-०३-०१ गते अपहरान्ह ४:०० बजे सम्ममा संस्थाको वेव साइट alarmnepal.com को Competition ट्याबमा गई विद्यार्थीको नाम भरी गरिसक्नुपर्नेछ । त्यस पश्चात दर्ता भएका प्रतियोगीलाई सहभागी गराउन आयोजक वाध्य हुनेछैन ।

६. दर्ता शुल्क प्रति विद्यालय रु २,५०० लाग्ने छ। प्रत्येक सहभागीलाई खाजा उपलब्ध गराइनेछ ।

७. प्रत्येक समुहका प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई मेडल तथा प्रमाण-पत्र साथै सम्पूर्ण सहभागी विद्यार्थीलाई सहभागिताको प्रमाण-पत्र प्रदान गरिनेछ। प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यालयलाई ट्रफि प्रदान गरिनेछ ।

८. कार्यक्रम तपसिल बमोजिम हुनेछ ।

मिति: २०८३-०३-०५ गते शुक्रबार

स्थान: क्वालिटी फुडल्याण्ड एण्ड बैंक्वेट, एकान्तकुना

उपस्थित हुने समय: बिहान ठीक १०:३० बजे

सम्पर्क: अध्यक्ष: रचना बस्न्यात ९८४१६१०३१६, उपाध्यक्ष: गोबिन्द अधिकारी ९८४१७२१३०४, सचिव: सरोज कुमार महत ९८५१०१८३३२

कार्यक्रम संयोजक
सरोज कुमार महत